# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फागुन २० गते २०३६ साल

श्री ५ को सरकार

### उद्योग तथा वाणिज्य मन्त्रालयको

### सूचना

आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले लुम्बिनी अञ्चलबाट वैज्ञानिक तरीकाले प्रशोधित नगरेको घ्यू सामान्यतः अधिराज्यको अन्य अञ्चलहरूमा लैजान नपाउने गरी लगाएको नियन्त्रण आजका मितिदेखि हटाएको छ।

खण्ड २६ मिति २०३३।२।१८ संख्या ७ नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको यस विषयको सूचना खारेज गरिएको छ।

आज्ञाले–
सूर्यप्रसाद श्रेष्ठ
श्री ५ को सरकारको का. मु. सचिव

५३९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।



मुद्रण विभाग, सिंहदरबार

श्री ५ को सरकार

## उद्योग तथा वाणिज्य मन्त्रालयको

## सूचना

नेपाल इञ्जिनीयरिङ्ग सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ को नियम ३ को उप-नियम (४) को प्रयोजनको लागि नेपाल इञ्जिनीयरिङ्ग सेवामा देहायबमोजिम थप दरबन्दी पद समूहिकृत भएको सूचना प्रकाशित गरिएको छ।

| क्र. सं. | पदसंकेत | स्थान | पदको नाम | निर्धारित | | | पदाधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | सेवा | श्रेणी | समूह।उप-समूह | | |
| १. | खा।खा।कृ।से।०७।५७ | खाद्य तथा कृषि बजार सेवा विभाग | केमिष्ट | इञ्जिनीयरिङ्ग | तृतीय | केमिष्ट्री | रिक्त | |

आज्ञाले–
सूर्यप्रसाद श्रेष्ठ
श्री ५ को सरकारको का. मु. सचिव

५८०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।